# २०८१ सालको कार्यविधि नं. १

## शिक्षक अवकाश प्रोत्साहन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

गाउँकार्यपालिकाबाट स्वीकृत मिति: २०८१।०७।२९

**प्रस्तावना:**

सुस्ता गाउँपालिका गाउँसभाको आ.व. २०८१/०८२ को निति तथा कार्यक्रम र वजेट वक्तव्यमा समावेश गरिएको शिक्षकहरुको लागि शिक्षक अवकाश प्रोत्साहन कार्यक्रमलाई व्यवस्थित र वैज्ञानिक तवरबाट कार्यान्वयन गरी २० वर्ष सेवा अवधि पुगी स्वैच्छिक अवकाशमा जान चाहने स्थायी शिक्षकलाई सम्मान गरी आयोगबाट नयाँ जनशक्ति भित्राउँदै शिक्षाको गुणस्तर सुधार गर्न सुस्ता गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ अनुसार गाउँकार्यपालिकाले शिक्षक अवकाश प्रोत्साहन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ जारी गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ**

१) यो कार्यविधिको नाम सुस्ता गाउँपालिकाको शिक्षक अवकाश प्रोत्साहन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ रहेको छ।

२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ।

२. **परिभाषा:**

१) "गाउँपालिका" भन्नाले सुस्ता गाउँपालिकालाई सम्झनु पर्छ।

२) "गाउँसभा" भन्नाले सुस्ता गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्छ।

३) "कार्यपालिका" भन्नाले सुस्ता गाउँपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ।

४) "कार्यविधि" भन्नाले सुस्ता गाउँपालिकाको शिक्षक अवकाश प्रोत्साहन कार्यक्रम कार्यान्वन कार्यविधि २०८१ सम्झनुपर्छ।

५) "शिक्षक" भन्नाले आधारभूत देखि माध्यमिक तह सम्म अध्यापन गराउने र पेन्सन अवधि पूरा भएका स्थायी शिक्षकलाई सम्झनुपर्छ।

६) "शिक्षक अवकाश प्रोत्साहन रकम" भन्नाले छनौटमा परेका शिक्षकहरुलाई गाउँपालिकाले प्रदान गरिने तोकिएको थप रकम भन्ने सम्झनु पर्छ।

७) "शिक्षा शाखा प्रमुख" भन्नाले सुस्ता गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुल शाखाको काम गर्न तोकिएको प्रमख कर्मचारीलाई सम्झनु पर्छ।

८) "समिति" भन्नाले कार्यविधिको दफा ३ अनुसारको समिति भन्ने बुझिनेछ।

३. शिक्षक अवकाश प्रोत्साहन प्रदान गर्न सिफारिस गर्ने प्रयोजनका लागि तपसिल अनुसारको शिक्षक अवकाश प्रोत्साहन सिफारिस समिति रहनेछ।

| | | |
|---|---|---|
| १) | गाउँपालिकाको उपाध्यक्ष | संयोजक |
| २) | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३) | सामाजिक विकास समिति संयोजक | सदस्य |
| ४) | आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| ५) | शिक्षा शाखा प्रमुख | सदस्य सचिव |



CamScanner

**बैठक सम्बन्धी व्यवस्था:** सिफारिस समितिको बैठक आवश्यकता अनुसार बस्नेछ। बैठकमा आवश्यकता अनुसार विज्ञ व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ।

४. **सिफारिस समितिका कार्यहरु:**

१) शिक्षक अवकाश प्रोत्साहन कार्यक्रमको लागि शिक्षा शाखा मार्फत प्राप्त निवेदनहरु प्राप्त गर्ने।

२) प्राप्त निवेदन उपर आवश्यक कारवाही गरी तोकिएको सुविधा प्रदान गर्न मनासिव देखिएका शिक्षकहरुको अन्तिम नामावली तयार गरि सेवा सुविधाको लागि कार्यपालिकामा सिफारिस गर्नेछ।

५. शिक्षक अवकाश प्रोत्साहन कार्यक्रममा आबद्धताका लागि आवश्यक योग्यता देहाय अनुसार रहनेछ।

१) शिक्षक अवकाश प्रोत्साहन रकम पाउन कम्तिमा १ वर्ष ६ महिना सेवा अवधि बाँकी रहेको हुनुपर्नेछ

२) सामुदायिक विद्यालयको स्थायी शिक्षक हुनुपर्नेछ।

३) सुचना प्रकाशित हुने दिन भन्दा अघिबाट गाउँपालिकाको सामुदायिक विद्यालयमा अध्यापनरत रहेको हुनुपर्नेछ।

४) निलम्बनमा परेको भए निलम्बन अवधिभर यो कार्यक्रममा सहभागी हुन पाउने छैन।

६. शिक्षक अवकाश प्रोत्साहन प्रदान गर्न देहाय बमोजिमको प्रक्रिया अवलम्बन गरिनेछ।

१) शिक्षक अवकाश प्रोत्साहन कार्यक्रममा आबद्धताका लागि गाउँपालिकाले १५ दिनको सुचना प्रकाशित गर्नुपर्नेछ।



CamScanner

२) स्वैच्छिक अवकास रोज्न चाहने दफा ६ बमोजिम योग्यता पुगेका शिक्षकले निज कार्यरत विद्यालयबाट सेवा प्रमाणित गरिएको सिफारिस पत्र संलग्न गरी अनुसुची १ बमोजिमको ढाँचामा निवेदन पेश गर्नु पर्नेछ ।

३) सुचना अनुसार प्राप्त निवेदनलाई अध्ययन गरि दफा ३ बमोजिमको समितिले शिक्षक अवकाश प्रोत्साहनको लागि शिक्षक छनौट गरी गाउँकार्यपालिकामा सिफारिस गर्नुपर्नेछ ।

४) समितिबाट प्राप्त सिफारिसलाई गाउँकार्यपालिकाको बैठकबाट स्वीकृत गरी अन्तिम नामावली प्रकाशित गरिनेछ ।

५) शिक्षक अवकास प्रोत्साहन कार्यक्रमका लागी दफा ७ (घ) बमोजिम छनौटमा परेका शिक्षकहरुले १५ दिन भित्र शिक्षक अवकाश प्रोत्साहन रकम भुक्तानिका लागि शिक्षा शाखामा निवेदन पेश गर्नुपर्नेछ ।

७. शिक्षक अवकाश प्रोत्साहन कार्यक्रममा छनौटमा परेका शिक्षकहरुलाई उपलब्ध गराइने सुविधा देहाय बमोजिम हुनेछ ।

१) आधारभूत तह (प्रा.वि.) शिक्षक दरबन्दीबाट अनिवार्य अवकाश पाउनु भन्दा १ वर्ष छ महिना देखि २ वर्ष सेवा अवधि बाँकी रहेको शिक्षकलाई रु.१६०००० प्रदान गरिनेछ ।

२) आधारभूत तह (नि.मा.वि.) शिक्षक दरबन्दीबाट अनिवार्य अवकाश पाउनु भन्दा १ वर्ष छ महिना देखि दुई वर्ष सेवा अवधि बाँकी रहेको शिक्षकलाई रु.१८०००० प्रदान गरिनेछ ।

३) माध्यमिक तहको शिक्षक दरबन्दीबाट अनिवार्य अवकाश पाउनु भन्दा १ वर्ष छ महिना देखि २ वर्ष सेवा अवधि बाँकी रहेको शिक्षकलाई रु.२२०००० प्रदान गरिनेछ ।



CamScanner

४) आधारभूत तह (प्रा.वि.) शिक्षक दरबन्दीबाट अनिवार्य अवकाश पाउनु भन्दा २ देखि ५ वर्ष सेवा अवधि बाँकी रहेको शिक्षकलाई रु.२००००० प्रदान गरिनेछ।

५) आधारभूत तह (नि.मा.वि.) शिक्षक दरबन्दीबाट अनिवार्य अवकाश पाउनु भन्दा २ देखि ५ वर्ष सेवा अवधि बाँकी रहेको शिक्षकलाई रु.२२५००० प्रदान गरिनेछ।

६) मा.वि. तह (मा.वि.) शिक्षक दरबन्दीबाट अनिवार्य अवकाश पाउनु भन्दा २ देखि ५ वर्ष सेवा अवधि बाँकी रहेको शिक्षकलाई रु.२५०००० प्रदान गरिनेछ।

७) ५ वर्ष भन्दा बढी सेवा अवधि बाँकी रहँदै स्वैच्छिक अवकास लिन चाहने प्रा.वि. तहका शिक्षकलाई २५००००, नि.मा.वि.तहका शिक्षकलाई २७५००० र मा.वि. तहका शिक्षकलाई ३००००० रकम प्रदान गरिनेछ।

८. **संशोधन सम्बन्धी व्यवस्था :** यस कार्यविधिमा गाउँकार्यपालिकाले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।

९. **अन्तिम निर्णय :** यस कार्यविधिमा उल्लेखित कुनै कुरामा दुविधा पारेमा सो सम्बन्धी निर्णय गर्ने अन्तिम अधिकार गाउँकार्यपालिकामा निहित रहनेछ।



CamScanner

# अनुसूची-१

(निवेदन ढाँचा)

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
सुस्ता गाउँपालिका नवलपरासी(ब.सु.प.)

**विषय: शिक्षक अवकाश प्रोत्साहन कार्यक्रममा आवद्ध सम्बन्धमा ।**

सुस्ता गाउँपालिकाको मिति......... गतेको सूचना बमोजिम शिक्षक अवकाश प्रोत्साहन कार्यक्रममा सहभागी हुन मेरो योग्यता पुगेको र स्वैच्छिक अवकाशमा जान इच्छुक भएकोले देहाय बमोजिमको विवरण खुलाई कार्यक्रममा आवद्धताको लागि यो निवेदन पेश गरेको छु ।

१. शिक्षकको नामथर:
२. शिक्षक संकेत न:
३. तह र श्रेणी:
४. कार्यरत विद्यालयको नाम र ठेगाना:
५. स्थायी नियुक्ति मिति:
६. जन्म मिति:
७. नागरिकता प्रमाणपत्र नम्बर:
८. बाँकी सेवा अवधि:
९. स्थायी ठेगाना:

माथि उल्लेखित विवरण ठिक छ यदि झुठ्ठा ठहरिएमा कानुन बमोजिम सहुला बुझाउला ।

| दायाँ | बायाँ |
| --- | --- |
| | |

निवेदकको नाम

दस्तखत:

मिति:

आज्ञाले,

प्रमाणिकरण मिति: २०८१।०७।३०

हुमलाल भुसाल

प्रमुख प्रशासकीय अधिकृत



CamScanner